# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग
## वालुवाटार काठमाडौं

## सूचना

**यस बैंकबाट इजाजतपत्र प्राप्त सम्पूर्ण विप्रेषण कम्पनीहरु,**

महाशय,

हाल विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण काठमाडौं उपत्यका लगायत मुलुकका सबैजसो स्थानमा निरन्तर रुपमा बढिरहेकोले सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन काठमाडौं उपत्यका लगायतका मुलुकका अन्य स्थानहरुमा स्थानीय प्रशासनबाट निषेधाज्ञा लगायतका विशेष आदेश जारी भएका छन् ।

उपर्युक्त सन्दर्भमा यस बैंकबाट इजाजतप्राप्त विप्रेषण कम्पनीहरुले विदेशमा कार्यरत नेपाली नागरिकहरुले नेपाल पठाएको विप्रेषण उनीहरुका आफन्तलाई भुक्तानी गर्न नसक्दा विप्रेषणबाट घरव्यवहार चलाउनु पर्ने नागरिकहरुका लागि अप्ठ्यारो पर्न सक्ने देखिएकाले स्थानीय प्रशासनको निषेधाज्ञा लगायतका आदेशको परिपालना हुने गरी आदेश अवधिभर विप्रेषण सम्बन्धी वित्तीय सेवा प्रवाह गर्न स्वास्थ्य सुरक्षासँग सम्बन्धित सबै मापदण्ड कायम गरी देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

१. सम्बन्धित स्थानीय प्रशासनसँग समन्वय गरी सम्भव भएसम्म निश्चित समयका लागि आलोपालो मिलाई सकेसम्म न्युनतम कर्मचारीबाट विप्रेषण भुक्तानीको व्यवस्था मिलाउने ।

२. बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी रेमिट्यान्स फण्ड ट्रान्सफर तथा वि.मु. सटही गर्ने एवं सम्भव भएसम्म विप्रेषण भुक्तानी बैंकमार्फत हुने व्यवस्था मिलाउने ।

३. आफू अन्तर्गतका निकायहरुलाई स्वास्थ्य सम्बन्धी मापदण्ड अनुपालना गरी भिडभाड नगर्न निर्देशन दिने ।

बम बहादुर मिश्र
कार्यकारी निर्देशक

मिति : २०७७ भदौ ५ गते